## वीरेन्द्रनगर नगरपालिकाको दोश्रो नगर सभाको निर्णयहरुः

**क) मिती २०७४।१२।०७ गतेको निर्णयः**

**निर्णय न १ः**

यस नगरपालीकाको कार्यपालीकाका तर्फबाट उपप्रमुख श्री मोहन माया भण्डारी(ढकाल) ज्यु ले पेश गर्नुभएका देहायका विधेयकहरुलाई यस बैठकमा छलफलका लागी टेबुल गरियो ।

**निम्न :**

१.प्रशासकीय कार्यविधि(नियमित गर्ने) सम्बन्धी विधयेक २०७४

२.शिक्षा सम्बन्धी विधेयक २०७४

३.सहकारी सम्बन्धी विधेयक २०७४

४.कृषि व्यवसाय प्रवर्द्धन विधेयक २०७४

५.न्यायिक समिती (कार्यविधी सम्बन्धी) विधेयक २०७४

**निर्णय न २**

६ न प्रदेश सभाबाट यस प्रदेशको नाम कर्णाली प्रदेश र प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेत कायम गरेकाले यो नगरसभा प्रदेश सभा र प्रदेश सरकार प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

**निर्णय न ३**

यस नगर सभाको आगामी बैठक मिती २०७४ साल चैत्र ०९ गते दिनको ११:०० बजे बस्ने गरि स्थगन गरियो ।

**ख) मिती २०७४।१२।०९ गतेको निर्णय**

**निर्णय न १ः**

यस नगरपालीकाको मिती २०७४ चैत्र ०७ गतेको नगरसभाको बैठकमा प्रस्तुत गरिएका निम्न विधेयकहरुलाई यस बैठकबाट सर्वसम्मत रुपमा स्विकृत गरियो ।

**निम्न :**

१.प्रशासकीय कार्यविधि(नियमित गर्ने) सम्बन्धी विधयेक २०७४

२.शिक्षा सम्बन्धी विधेयक २०७४

३.सहकारी सम्बन्धी विधेयक २०७४

४.कृषि व्यवसाय प्रवर्द्धन विधेयक २०७४

५.न्यायिक समिती (कार्यविधी सम्बन्धी) विधेयक २०७४

**निर्णय न २:**

यस बैठकमा २० जना नगरसभा सदस्य ज्युहरुले उठाउनु भएका सार्वजनिक महत्वका सवालहरुको बारेमा आगामी बैठकमा नगर कार्यपालीकाका तर्फबाट बाट सम्वोधन गर्ने निर्णय गरियो ।

**निर्णय न ३:**

यस नगर सभाको आगामी बैठक मिती २०७४ साल चैत्र १० गते दिनको १:०० बजे बस्ने गरि स्थगन गरियो ।

**ग) मिती २०७४।१२।१० गतेको निर्णय:**

**निर्णय न १:**

यस नगर सभाको आगामी बैठक मिती २०७४ साल चैत्र १३ गते दिनको १:०० बजे बस्ने गरि स्थगन गरियो ।

**घ) मिती २०७४।१२।१३ गतेको निर्णय:**

**निर्णय न १:**

नेपालको संविधानको धारा २१७ र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४६ बमोजिम यस नगर क्षेत्र भित्रका विवाद निरुपण गर्न उपप्रमुख श्री मोहनमाया भण्डारी (ढकाल) ज्युको संयोजकत्वमा गठित न्यायीक समितीमा सर्वसम्मत निम्न सदस्य चयन गरि विस्तार गरियो ।

**निम्न :**

सदस्य : श्री राम कुमारी थापा

सदस्य : श्री टोप बहादुर रास्कोटी

**निर्णय न २ :**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा २२ अनुसार सर्वसम्मत निम्न बमोजिमका पदाधिकारी रहने गरि लेखा समिती गठन गरियो ।

**निम्न :**

संयोजक : श्री बल बहादुर रोकाय

सदस्य : श्री उपेन्द्र बहादुर खड्का

सदस्य : श्री डम्मर बहादुर नेपाली

**निर्णय न ३:**

यस नगरपालीकाको आ.व २०७४।०७५ को आय व्यय र प्रगति बारे जानकारी गरियो ।

**निर्णय न ४:**

गत नगरसभाको बैठकबाट पारित योजना तथा कार्यक्रमहरु मध्ये हालको आवश्यकतालाई मध्यनजर गरि वडा समितीको निर्णय बमोजिम योजना कार्यक्रम र बजेट परिवर्तनलाई अनुमोदन गर्ने ।

**निर्णय न ५ :**

नगर सभामा उठान भएका सार्वजनिक महत्वका विषयमा स्रोत र साधनको उच्चतम प्रयोग गरि यथासक्य कार्यान्वयन गर्न कार्यपालीकालाई निर्देश गर्ने ।

**निर्णय नं.६ :**

वीरेन्द्रनगर नगरपालीकाको यस दोस्रो नगर सभा सफलतापुर्वक सम्पन्न गर्न आफनो अमुल्य समय,सल्लाह तथा सक्रिय सहयोग प्रदान गर्नुहुने नगर सभा सदस्यज्युहरु, विभिन्न विषयगत समितीका पदाधिकारीहरु, विभिन्न क्षेत्रका विषय विज्ञहरु, संचारकर्मी मित्रहरु, नगरपालीकाका सम्पुर्ण कर्मचारी प्रति हार्दिक धन्यवाद दिने निर्णय गरियो ।

***धन्यवाद ।***